# आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम

## त्रिपुरासुन्दरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### पिस्कर, सिन्धुपाल्चोक

**बागमती प्रदेश, नेपाल**

# त्रिपुरासुन्दरी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रमः

आज हामी त्रिपुरासुन्दरी गाउँपालिकाको १४ औं गाउँसभामा उपस्थित भएका छौं । यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पूर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरुलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु । यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सबलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प समस्त गाउँपालिका बासीको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०।८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं । यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारीमा विकास गरिनेछ ।

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि, रोजगारी सृर्जना, पर्यटकीय क्षेत्रको विकास र विस्तार, स्थानीय सीप पूँजीको परिचालन, शिक्षा तथा स्वास्थ्यमा नागरिकको सहज पहुँच, सेवा प्रवाहमा नविन प्रविधिको प्रयोग, विकास, सुशासन र समृद्धिलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताको रुपमा लिएको छ ।

विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को महामारीबाट थलिएर माथि उठ्न लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाई समेत प्रभाव पारेको छ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तान्तरणमा नकारात्मक असर पुगेको छ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलुकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरु रोजगारीको खोजीमा नेपाल छाडेर विदेशिनु पर्ने अवस्थाले

हामी सबैलाई गम्भीर बनाएको छ । आन्तरिक र बाह्य बसाइ सराइका कारण नेपालका गाउँघरहरु सुनसान वस्तीका रुपमा रुपान्तरित हुन पुगेका छन् । उब्जाउ खेत बारी बाँझो हुन पुगेका छन् । यस सन्दर्भमा युवालाई देश भित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउँदै तीब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासिल गर्नु परेको छ । यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ । सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि विद्युतिय सुशासन प्रणालीलाई सेवाप्रवाहमा व्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ ।

स्थानीय तहलाई संविधानद्धारा प्रदत्त २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु, आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु, शासन संचालन विकास निर्माण र सेवा प्रवाहमा नागरिकको सहभागितामा वृद्धि हुनु, सडक संजालको विस्तार र स्तरोन्ती हुदै जानु, सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु, शिक्षा स्वास्थ्यमा सुधार गर्न नविन प्रविधिको प्रयोग बढ्दै जानु आदि हाम्रो गाउँपालिकाको अवसरहरु रहेको छन् ।

रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु, युवा जनशक्तिलाई कृषि व्यवसाय प्रति आकर्षित गर्नु, व्यवसायिक कृषकको संख्या वृद्धि गर्नु, वैदेशिक रोजगारीबाट फर्केका सीपयुक्त युवाको सीप तथा पूँजीलाई उद्यम विकासमा उपयोग गर्नु, पूर्वाधार विकासलाई दिगो र भरपर्दो बनाउनु, विपदजन्य प्रकोपबाट नागरिकको जीवन सुरक्षित गर्नु, शिक्षा र स्वास्थ्यलाई गुणस्तरीय बनाउनु, सेवा प्रवाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना तयार गरी कार्यान्वयन गर्नु जस्ता चुनौतीहरु हामी सामू रहेका छन् ।

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, पन्धौं योजना, दिगो विकासका लक्ष्य, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, अन्य क्षेत्रगत नीति योजना तथा कार्यक्रमहरु लगायत स्थानीय वुद्धिजीवि समाज सेवी एंव विज्ञहरुको राय सुझावको आधारमा यो नीति तथा कार्यक्रम तयार गरिएको हो ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिकाका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी व्यवसायीहरु, सामाजिक संघ संस्थाहरु तथा विकास साझेदारहरुको निरन्तर सहयोग रहँदै आएको छ । विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने

हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो । आम नागरिकहरुले साथ सहयोग र सुझाव दिने हो । जनसहभागिता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शीता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागिता सुनिश्चित गरिने छ ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी बनाइनेछ । यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउँदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ । संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तीय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तीय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ । यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ । जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शीता र जवाफदेहीतालाई जोड दिइनेछ ।

## चालु आर्थिक वर्षको हाल सम्मका प्रमुख उपलब्धीहरु:

१. चालु आर्थिक वर्षमा १२ वटा कानून निर्माण भई हालसम्म जम्मा ७२ वटा कानुनहरु बनी कार्यान्वयनमा आइ रहेका छन् ।

२. आर्थिक वर्ष २०७९।८० मा विनियोजित बजेट मध्ये हालसम्म चालु तर्फ रु २२,६९,७८,९५२। (७७.१७%) र पूँजीगत तर्फ रु ७,०३,६२,७१६। (४७.८२%) खर्च भएको छ ।

३. टोल विकास समितिबाट योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिबाट भन्दा बढी किफायति एवं मितव्ययी हुने भएकोले यस आर्थिक वर्षमा २३ वटा टोल विकास समिति गठन गरी १७६ वटा योजना तथा कार्यक्रम संझौता गरिएकोमा हाल सम्म १५० वटाको भुक्तानी सम्पन्न भइसक्यो भने २६ वटा भुक्तानी गर्न बाँकी रहेको छ ।

४. यस आर्थिक वर्षमा ५.२ किलोमिटर नयाँ सडक विस्तार गरिएको, सडक स्तरोन्नती तर्फ ६.७ किलोमिटर सोलिङ, ५.० किलोमिटर सिढीबाटो निर्माण, १३७७ मिटर ढलान बाटो निर्माण गरिएको र खानेपानी तर्फ २३ वटा इन्टेक, ३ वटा इन्टरप्सन च्याम्मर,२ वटा डिस्टीव्यूसन च्याम्मर, १० वटा संकलन ट्याङकी, ३३१ वटा धारा र ३२.५ किलोमिटर पाइप लाइन, सिचाई तर्फ २५० मिटर कुलो निर्माण गरिएको ।

५. आर्थिक वर्षको सुरुवाती चरणमा कर्मचारीको अभाव भएकोमा हालसम्म आइपुग्दा ३१ जना कर्मचारीहरु करार मार्फत नियुक्ति गरी सेवा प्रवाहमा सुधार गर्ने प्रयास गरिएको ।

६. सार्वजनिक निकायले गरेको काम कारबाहीलाई पारदर्शी जवाफदेही र प्रभावकारी बनाउन सार्वजनिक सुनुवाईको कार्यक्रम संचालन गरिएको ।

७. १० शैय्याको गाउँपालिकास्तरीय अस्पताल निर्माणको प्रक्रिया अगाडी बढाएको छ । घोर्थली स्वास्थ्य चौकी भवन सम्पन्न भएको एवं स्वास्थ्य क्षेत्रमा २७ जनाको निःशुल्क आखाँको अप्रेशन र २१ जना पाठेघर झरेका आमाहरुलाई निःशुल्क अप्रेशन लगायतका अन्य कार्यक्रमहरु गरिएको ।

८. आयुर्वेद तर्फ २०७९ श्रावण महिना देखि २०८० जेठ मसान्त सम्म बहिरंग सेवा-४२४७, पञ्चकर्म सेवा-२४४, जेष्ठ नागरिक एवं स्तनपायी आमाको लागि विशेष सेवा -३८० गरी जम्मा ४८७१ जनाले सेवा पाएका ।

९. पालिकामा रहेका ३० वटा सहकारी मध्ये १४ वटा सहकारीलाई COPOMIS प्रणालीमा आवद्ध गरी सो प्रणालीमा ३ वटा सहकारीहरुको विवरण समेत अद्यावधिक गरिएको छ ।

१०. विगतको वर्षमा बेरुजु रकम १.८१% कायम रहेकोमा हाल २७० प्रतिशतले घटी ०.४९% रहेको महालेखा परीक्षकको प्रतिवेदनमा देखिएको छ ।कम बेरुजु रकम हुने स्थानीय तह मध्ये हाम्रो गाउँपालिका सिन्धुपाल्चोक जिल्लामा दोस्रो र ७५३ स्थानीय तह मध्ये १६ स्थानमा परेको छ ।

११. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहहरु बीच सामाञ्जस्यता ल्याउने अभिप्रायले जारी गरेको स्थानीय तहको संस्थागत स्वमूल्यांकन सम्बन्धी कार्यविधिमा तोकिकएको मापदण्ड अनुसार स्थानीय तहको संस्थागत स्वमूल्यांकन (LISA) मा गत वर्ष २९ अंक प्राप्त भएकोमा यो वर्ष ६८.५ अंक प्राप्त भएको छ ।

१२. स्थानीय तहको वित्तिय सुशासनको अवस्था विश्लेषण गर्ने उद्देश्यले ल्याएको वित्तिय जोखिम मूल्यांकन(FRA) मा हाम्रो गाउँपालिकाले विगतको वर्षमा ४० अंक प्राप्त गरेकोमा यस वर्ष ६१.५ अंक प्राप्त गरेको छ ।

१३. हेल्प संस्थाको साझेदारीमा ५ वटा विद्यालयमा २-२ जना शिक्षकहरुको व्यवस्था गरी नियमित पाठयोजना र शिक्षण सामाग्रीको माध्यमबाट पठनपाठन गर्दै आईएको छ ।

१४. स्थानीय कृषि उपजमा आधारित दिवा खाजा व्यवस्थापन कार्यविधि तयार गरी लागू गरिएको छ ।

१५. २०७९ श्रावण महिना देखि २०८० जेष्ठ महिना सम्म वडा नं. १ - रु ५५,२४१, वडा नं. २ - रु १,७१,२२७, वडा नं. ३ – रु २,०२,०४९, वडा नं. ४ - रु २,१५,५३९, वडा नं. ५ - रु २,९४,४४५, वडा नं. ६ – रु १,०८,४९६, र गाउँपालिकाको (प्राकृतिक स्रोतको रोयल्टी रु ११,३२,०१३ र अन्य रु ४,५३,९०९) रु १५,८५,९२२ गरी जम्मा रु २६,३२,९२१ रकम गाउँपालिकामा आन्तरिक आम्दानीको रुपमा जम्मा भएको छ ।

१६. त्रिपुरासुन्दरी गाउँपालिका र एकीकृत हातेमालो ग्रामीण विकास संघ बीचको लागत साझेदारीमा हिले भष्मे एकीकृत अस्थायी आवास निर्माण गरी १० जना परिवारलाई स्थानान्तरण गरिएको ।

१७. जुरे पहिरोबाट प्रभावित ८२ जनालाई रु ५३,६६,५२३ को चेक हस्तान्तरण गरी पीडितको खातामा जम्मा गरिएको ।

१८. उत्पादनमा आधारित कृषि प्रणालीमा विनियोजित ४० लाख रकम वितरणको लागि प्रस्ताव माग गरिएकोमा पेश भएका ३२ वटा फर्म तथा संघ संस्था मध्ये २५ वटा को प्रस्ताव स्वीकृत भई सम्झौताका काम सम्पन्न भएको छ ।

१९. कृषकको २५ प्रतिशत र गाउँपालिकाको ७५ प्रतिशत को लागत साझेदारीमा १२ वटा मिनीटिलर ट्याक्टर वितरण गरिएको र तौथली र टेकानपुरमा ३२ जना कृषकलाई ५०० बोट किबीको विरुवा वितरण गरिएको छ । ईसाडसँगको सहकार्यमा धुस्कुन र चोकटीमा किबी र अलौंचीको विरुवा वितरण गरिएको ।

२०. पालिका भरी ६००० बाख्रा तथा भेडालाई पशु खोप सेवा कार्यक्रम सञ्चालन गरिएको र कृषि तथा पशुको औषधीहरु निःशुल्क वितरण भइ रहेको छ ।

२१. गाउँपालिकाको आयोजना र प्राकृतिक स्रोत द्धन्द्ध रुपान्तरण केन्द्र नेपालको सहजीकरणमा ३० जनालाई मेलमिलाप कर्ताको लागि योग्य हुन आवश्यक तालिम प्रदान गरिएको थियो ।

२२. चालु आर्थिक वर्षको तेस्रो चौमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्रही संख्या २०२३ जना रहेको छ ।

२३. २० जना जेष्ठ नागरिकहरुलाई परिचय पत्र वितरण गरी नेपाल सरकारले प्रदान गर्ने सेवा सुविधाम आवद्ध गरिएको र १५ जना बाबुआमा विहिन बालबालिकाहरुलाई संरक्षण स्वरुप रु ४८०० का दरले रकम वितरण गरिएको ।

२४. न्यायिक समितिमा ५ वटा विवाद परेकोमा ३ वटा मौखिक रुपमा सहमती गराईएको, १ वटा जिल्ला अदालतबाट फैसला भई आएको र १ वटा धुस्कुन मेलमिलाप केन्द्रमा पुन छलफलको लागि पठाइएको ।

२५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ८६ जना व्यक्तिहरुले १०० दिनको रोजगार प्राप्त गरेको।

## उपस्थित आदरणीय महानुभावहरु

**अब म आर्थिक वर्ष २०८०।८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछुः**

## आर्थिक विकास सम्बन्धी नीतिः

### क. कृषि, पशु तथा सहकारी नीतिः

१. **"पौरखी किसानको मानः पालिकाको सम्मान"** भन्ने नारालाई सार्थकता प्रदान गर्न ५० वटा भन्दा बढी बाख्रापालन गर्ने किसानहरुका लागि विशेष अनुदान प्रदान गरी व्यवसायिक बाख्रापालनलाई जोड दिइनेछ ।

२. गाउँपालिकालाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन **"एक टोल एक सामूहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन"** को नीति लिइनेछ ।

३. कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी स्वोरोजगारका अवसर सृजना गर्न **"उत्पादन साथमा अनुदान हातमा"** भन्ने नीति लिइनेछ । कृषकहरुको वर्गीकरण गरी सोको आधारमा कृषकहरुलाई विशेष सहुलिय प्रदान गरिनेछ ।

४. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गर्दै ती स्थानहरुमा व्यवसायिक कृषि कार्यक्रम संचालन गरिनेछ । पिस्करको डुमथलीमा आलु पकेट क्षेत्र चोकटीको बुंगाथलीमा तरकारी पकेट क्षेत्रको विकास गरिनेछ ।

५. वित्तीय संस्थाहरुसँगको समन्वय र सहजीकरण मार्फत कृषकहरुको जीवनस्तर उकास्न **"एक घर दुई गाई"** को नीति लिइनेछ ।

६. दुध उत्पादन गरी बेच्ने कृषकलाई प्रति लिटर दुधमा अनुदान दिने व्यवस्था मिलाइनेछ । व्यवसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतीकरण, कृषि बजार, शित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ ।

७. चोकटी, पिस्कर र तौथलीको माथिल्लो भेगलाई आलुवखडा जोनको रुपमा विकास र विस्तार गरिनेछ ।

८. बाँझो जग्गालाई उपयोगमा ल्याई कृषिजन्य उत्पादन वृद्धि गर्न व्यवसायिक खेती, नगदे बाली तथा अलैची, घाँस खेती लगायतका अन्य जडिबुटी प्रवर्द्धन कार्यक्रमलाई विशेष सहयोग उपलब्ध गराई **"जग्गा बाँझो नराखौ"** भन्ने अभियानलाई निरन्तरता दिइनेछ ।

९. बादर प्रभावित क्षेत्रमा टिम्बुर, बेसार र अदुवा जस्ता खेती गर्ने कृषकहरुलाई विशेष प्रोत्साहन गरिनेछ ।

१०. उत्पादन लागतको विश्लेषण गर्दै विचौलियाबाट उत्पादक माथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको गाउँपालिका भित्र समर्थन मुल्य निर्धारण गरी बजारमा हुने मागको जोखिमलाई न्यूनिकरण गर्न व्यवसायिक कृषकका लागि तोकिएको मुल्यमा गाउँपालिकाले बिक्री हुन नसकेको उत्पादन किन्ने ग्यारेन्टी (Buy Back Gurantee) गरिनेछ ।

११. प्राँङ्गारिक मलको उत्पादन तथा उपयोग सम्बन्धी कार्यलाई विशेष प्राथमिकताका साथ अगाडी बढाई दिगो कृषि प्रणालीको विकास गरिनेछ ।

१२. **"एक घर एक करेसाबारी"** को नीति अवलम्बन गर्दै अर्गानिक तरकारी उत्पादनलाई पालिका भरि विशेष अभियानका साथ संचालन गर्न आवश्यक बिउ विजन, टनेल तथा सीप प्रदान गरिनेछ ।

१३. कृषकको योगदानलाई सम्मान गर्दै कृषकको मनोबल उच्च राख्न तथा कृषिलाई आकर्षक एवं सम्मानित पेशाका रुपमा स्थापित गर्न **"अध्यक्ष उत्कृष्ट किसान पुरस्कार"** प्रदान गरिने व्यवस्था मिलाईनेछ ।

१४. कृषि तथा पशुपंक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण सम्बन्धमा रोकथाम तथा नियन्त्रणको नीति अबलम्बन गरिनेछ ।

१५. प्रत्येक वडामा एक कृषि सहकारीको स्थापना गर्ने नीति लिइनेछ । हाल संचालनमा रहेका सहकारी संस्थाहरुको नियमन कार्यलाई संस्थागत गरिनेछ । कृषकलाई सहकारी मार्फत सुपथ मुल्यमा रसायनिक मल वितरण गर्न प्रोत्साहन गरिनेछ । सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ । कृषि तथा पशुजन्य अनुदान कार्यक्रम कृषि सहकारी मार्फत संचालन गर्न जोड दिइनेछ ।

## ख. पर्यटन सम्बन्धी नीतिः

१६. **"त्रिपुराको धार्मिक, साँस्कृतिक तथा पर्यटकीय ठाँउः जीवनमा एक पटक घुम्न जाँउ"** भन्ने नारालाई साकार पार्न त्रिपुरासुन्दरी माईको मन्दिर, लट्टेश्वर महादेव मन्दिर, गोल्माराजा, पाण्डुथान, त्रिशुल डाँडा, कालिका मन्दिर, महभिर झरना, बुद्ध पार्क, थामी संग्राहलय, शैल नदी आदिलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने गरी पर्यटकीय गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

१७. पिस्कर र तौथलीको सीमानामा अवस्थित महभिर झरनामा कृत्रिम ताल निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

१८. तौथली स्थित जपसिले चौर र त्रिशुल डाँडामा चिया खेतीलाई प्राथमिकता दिँदै पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

१९. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थल जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ ।

२०. लाटु-कालिञ्चोक केवलकार सेवाको सम्भाव्यता अध्ययन गरी विस्तृत आयोजना प्रतिवेदनको प्रक्रिया अगाडी बढेको हुँदा विस्तृत आयोजना प्रतिवेदन अनुसार केवलकार निर्माण गर्न आवश्यक पर्ने लगानीको लागि निजी क्षेत्रलाई आह्वान गर्ने नीति लिइनेछ ।

२१. **जुरे-फापरचौर-खाजिलुङ-हिले-डाँङडुङ्गे** पर्यटकीय पदमार्ग निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

२२. **"संस्कृतिमा समृद्ध त्रिपुराः संरक्षण गरौ बाजा, संस्कार, पर्व र भेषभुषा"** भन्ने अभिप्रायलाई मुर्तता दिन लोपन्मुख बाजा, संस्कार, पर्व, भेषभुषा र संस्कृतिको संरक्षण गर्ने नीति लिइनेछ ।

## ग. उद्योग, श्रम, रोजगारी नीतिः

२३. **"युवासँग स्थानीय सरकारः हुनेछैनन् वेरोजगार"** भन्ने नारा सहित रोजगार सेवा केन्द्रमा सुचीकृत वेरोजगारीहरुको क्षमता विकास गरी सीप अनुसारको रोजगार सुनिश्चित गर्ने नीति लिइनेछ ।

२४. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउन प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि आएको बजेटमा गाउँपालिकाले साझेदारी गर्ने नीति लिनेछ ।

२५. **"लगानी गरौ, स्थानीय उत्पादनमा जोड गरौं"** भन्ने मुल नाराका साथ युवाहरुलाई रोजगार तथा स्वरोजगार बनाउने गरी युवा लक्षित कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

२६. रोजगारी सृजना तथा उद्यमशीलता प्रवर्द्धन गर्ने कार्यक्रमहरु खण्डीकृत रुपमा संचालन हुँदै आएकोमा उक्त कार्यक्रमहरु एकीकृत रुपमा संचालन गर्न आवश्यक कानुनी तथा संस्थागत प्रबन्ध गरिनेछ ।

२७. एक गाउँपालिकाका एक औद्योगिक ग्रामको नीति अंगीकार गरिनेछ ।

२८. स्थानीयस्तरमा पाइने कच्चा पदार्थहरुको व्यवस्थापन मार्फत उत्पादन गर्न सकिने सामानहरुको पहिचान गरी सामाग्री निर्माणको लागि १० जना उद्यमीलाई तालिमको व्यवस्था मिलाइनेछ ।

२९. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई **"विदेश हैन बिजनेस"** भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ ।

३०. विपन्न, गरिब परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्यूटि पार्लर, व्यावसायिक पशुपालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरिबी न्यूनीकरण र जीविकोपार्जनमा सहजिकरण गरिनेछ ।

३१. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

३२. लक्षित वर्गलाई सीप विकास, तालिम र रोजगारी एवं आय आर्जन सम्बन्धी विशेष कार्यक्रममा समावेश गरिनेछ ।

३३. रोजगारी र उद्यमशीलता उन्मुख स्वरोजगारीका लागि सीप, पूँजी र व्यवसायिक तालिम उपलब्ध गराउनुका साथै सुरुवाती व्यवसाय गर्न आवश्यक पर्ने बीउ पूँजी सहुलियतपूर्ण व्याजदरमा उपलब्ध गराउन अनुदानको व्यवस्था मिलाइनेछ ।

## सामाजिक विकास सम्बन्धी नीतिः

### क. शिक्षा नीतिः

३४. **"बालबालिकालाई विद्यालय पठाऔ र पढाईमा लगाऔ"** कार्यक्रम लागू गर्दै विद्यालयले लिदै आएको परीक्षा शुल्क समेत मिनाह गरी कक्षा १२ सम्मको शिक्षालाई पूर्ण रुपमा निःशुल्क बनाइनेछ ।

३५. **"एक विद्यालय एक करेसाबारी"**को नीति लिदै स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रमलाई कक्षा १० सम्म विस्तार गरिनेछ ।

३६. सर्वसुलभ गुणस्तरीय शिक्षाको अवधारणा बमोजिम शिक्षा क्षेत्रलाई अगाडी बढाइनेछ । विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई **"विद्यालयमा ल्याउने, सिकाउने र टिकाउने"** कार्यलाई प्रोत्साहनमूलक कार्यक्रम सहित अभियानका रुपमा संचालन गरिनेछ ।

३७. आधारभूत तहमा गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गर्न दलित, अल्पसंख्यक र आर्थिक रुपले विपन्न तथा अपाङ्गता भएका बालबालिकाका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

३८. आर्थिक एवं सामाजिक रुपले पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग वा समुदायका नागरिकहरुलाई राज्यको प्रशासनिक क्षेत्रमा समाहित गर्न शिक्षक सेवा तथा लोक सेवाका कक्षाहरु निःशुल्क रुपमा संचालन गर्ने नीति लिइनेछ ।

३९. शैक्षिक क्षेत्रको गुणस्तर अभिवृद्धि गर्न सरकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय र साझेदारी गरी गुणात्मक शिक्षाको अभियानलाई तिव्रताका साथ कार्यान्वयन गरिनेछ ।

४०. शैक्षिक क्षेत्रमा सुधार गर्न जनप्रतिनिधि, शिक्षक, विद्यार्थी तथा अभिभावक बीच निरन्तर अन्तरक्रिया कार्यक्रम संचालन गरी यस आर्थिक वर्षमा सबै माध्यमिक र आगामी आर्थिक वर्षमा आधारभूत विद्यालयमा गाउँपालिकाबाट पाइलट प्रोजेक्टको रुपमा सि.सि. क्यामाराबाट अनुगमन र ई हाजिरी थालनी गरिनेछ ।

४१. छोरी शिक्षा कार्यक्रमलाई निरन्तरता दिँदै प्राविधिक तथा जीवन उपयोगी शिक्षालाई प्रोत्साहन गरिनेछ ।

४२. **"सामुदायिक विद्यालयको सुधारः बालबालिकाको भविष्यको आधार"** भन्ने नाराका साथ उच्च र न्यून सिकाइ उपलब्धि भएका विद्यालयहरु बीच शैक्षिक उपलब्धि, व्यवस्थापकीय क्षमता वृद्धिका लागि अनुभव आदान प्रदान र नमुना विद्यालय बनाउने नीति लिइनेछ ।

४३. सामुदायिक विद्यालयहरुको Base Line Survey गरी शैक्षिक उपलब्धिहरुको मापन सहित ४ वर्षको लक्ष्य निर्धारण गरी कार्ययोजना बनाइ लागू गरिनेछ ।

४४. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातका आधारमा विषयगत दरबन्दी अनुसार शिक्षकहरुको व्यवस्थापन गरिनेछ। शिक्षकहरुको विज्ञताको उच्च कदर एवं विद्यालयको आवश्यकताको महशुस गर्दै शिक्षकहरुलाई दरबन्दी अनुसार गाउँपालिका भित्र कामकाजमा खटाउने नीति लिइनेछ ।

४५. ५० वर्ष माथि उमेर समूहका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुलाई सम्मानजनक रुपमा स्वैच्छिक अवकाश योजनामा आवद्ध गराईनेछ ।

४६. सामुदायिक विद्यालयबाट SEE वा SLC उत्तीर्ण गरी चिकित्साशास्त्रमा एम.वि.एस. अध्ययन गर्ने विद्यार्थीको लागि नेपाल सरकारबाट पूर्ण वा आंशिक रुपमा छात्रावृत्ति प्राप्त गरेको बाहेक अन्य विद्यार्थीहरुको लागि गाउँपालिकाले विशेष व्यवस्था गर्न सक्नेछ ।

४७. विद्यालय बाहिर रहेका र बीच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज संचालन गरिनेछ ।

४८. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभूत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको लागि व्यवसायिक क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

४९. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ ।

## ख. स्वास्थ्य नीतिः

५०. सबै नागरिकमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न वडा नं ३ धुस्कुन भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरु संचालन हुने गरी १० शैय्याको गाउँपालिकास्तरीय अस्पताल निर्माण गरिनेछ । प्राथमिक स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापना सेवालाई सहज र नियमित बनाइनेछ । आँखा अपरेशन, पाठेघर सम्बन्धी रोग जस्ता रोगहरुको उपचारका लागि आवश्यकता अनुसार प्रत्येक वडामा घुम्ती शिविर संचालन गरिनेछ ।

५१. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइनेछ । गाउँपालिकाले दीर्घरोगीहरु (क्यान्सर, मुटु सम्बन्धी, डायालाइसिस र स्पाइनल इन्जुरी) लाई दिदै आएको उपचार खर्चलाई निरन्तरता दिइनेछ ।

५२. आर्थिक रुपमा अति विपन्न नागरिकहरुको स्वास्थ जाँच र उपचारका लागि अस्पताल लैजान-ल्याउन एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ । पालिका अन्तर्गतका बर्थिङ सेन्टरमा सुत्केरी हुन नसकेका महिलाहरुलाई अन्यत्र स्वास्थ्य संस्था वा अस्पताल लैजादा निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्थापन गरिनेछ ।

५३. सुरक्षित सुत्केरी गराउन सबै स्वास्थ्य संस्थाहरुलाई बर्थिङ सेन्टरका रुपमा स्तरोन्नती गर्दै लगिनेछ ।

५४. महिला स्वयंसेविकाहरुको क्षमता विकासको लागि तालिम उपलब्ध गराई नागरिकको घरदैलोमा स्वास्थ्य सेवा पुर्याउन महिला स्वयंसेविकाहरुलाई परिचालन गरिनेछ ।

५५. स्वास्थ्य संस्थाको प्रभावकारी सेवा विस्तारको लागि सार्वजनिक संस्था, निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीति अंगीकार गरिनेछ ।

५६. **"नागरिकको स्वास्थ्यमा हितः स्वास्थ्य विमाले बनाउँछ सुरक्षित"** भन्ने नाराका साथ सीमान्तकृत, गरिब तथा पछाडि परेका जनसमुदायलाई निःशुल्क र अन्य नागरिकको लागि स्वास्थ्य विमा गर्दा लाग्ने विमा रकमको ४० प्रतिशत रकम गाउँपालिकाले व्यहोर्ने नीति लिइनेछ ।

५७. खोप तथा गाउँघर क्लिनिक संचालन गर्न आवश्यक पर्ने भवन निर्माणका लागि पहल गरिनेछ ।

५८. हजार दिनका आमाहरुको स्वास्थ्यलाई ध्यानमा राखी पोषण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

## ग. आयूर्वेद नीतिः

५९. तौथली आयुर्वेद औषधालयलाई सुविधा सम्पन्न बनाउनको लागि जनसंख्याको चाप र भौगोलिक अवस्थितिको आधारलाई विश्लेषण गरी तौथलीमा स्थानान्तरण गर्ने नीति लिइनेछ ।

६०. गाउँपालिका क्षेत्र भित्र रहेका बहुमुल्य जडिबुटीको पहिचान गरी त्यस्ता जडिबुटीको रोपण एवं उत्पादन गर्ने तर्फ कृषकहरुलाई प्रोत्साहन गरी आय आर्जन वृद्धि गर्ने नीति लिइनेछ।

६१. नसर्ने रोगहरु जस्तै अर्थराईटिस मधुमेह, थाईराइड, श्वासप्रश्वास सम्बन्धी रोग, प्यारालाईसिस इत्यादि रोगहरुलाई थेरापेटिक योग मार्फत सकेसम्म औषधालयबाट उपचार गरिने प्रक्रियाको लागि पहल गरिनेछ ।

६२. ६ वटै वडामा आयुर्वेद सम्बन्धी नागरिक आरोग्य केन्द्रको विकास गरी सेवा प्रदान गर्ने नीति लिइनेछ ।

६३. गाउँपालिकामा नै उत्पादन हुने जडिबुटीलाई विषेश प्राथमिकता दिई आयुर्वेद औषाधालयबाट नै औषधी निर्माण गरी सेवा संचालन गर्ने तर्फ विषेश ध्यान दिइनेछ ।

६४. खाद्य पदार्थ जन्य रोग तथा आम नागरिकको जीवन शैलीबाट उत्पन्न हुने रोग नियन्त्रण गर्न योग तथा वैकल्पिक चिकित्सा सम्बन्धी कार्यक्रम राखी नागरिकलाई Prevention is better than cure भन्ने सिद्धान्तमा आधारित भई रोग लाग्न नदिने तर्फ विषेश जोड दिइनेछ ।

६५. गाउँपालिकामा उत्पादित जडिबुटीको प्रयोगको प्रवर्द्धन गर्ने एवं जनतालाई त्यस बारेमा जनचेतना जगाई जडिबुटीको अज्ञानको कारण त्यति कै खेर गएका बहुमुल्य जडिबुटीहरुलाई स्वयं आफ्नै घरमा उपचार गरिने प्रक्रियालाई व्यवस्थित गरी आफ्नो डाक्टर आफै भन्ने सिद्धान्त कार्यान्वयनमा ल्याइने नीत लिइनेछ ।

## घ. खानेपानी तथा सरसफाई नीतिः

६६. **"स्वच्छ त्रिपुराः सुन्दर त्रिपुरा"** लाई आत्मसाथ गरी गाउँपालिका भित्र वातारणीय सन्तुलन कायम राख्न जोड दिइनेछ । गाउँपालिकाका भित्र पर्याप्त रुपमा स्वच्छ, गुणस्तरीय, सुरक्षित, भरपर्दो र व्यवस्थित खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराई जनस्वास्थ्य र वातावरणीय स्वच्छताको संरक्षण, सम्वर्द्धन र नियमन गर्ने नीति लिइनेछ ।

६७. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दीर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरुको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको प्रभावकारी व्यवस्था मिलाइनेछ ।

६८. सबै नागरिकहरुलाई भरपर्दो, शुद्ध र गुणस्तरीय खानेपानी सेवाको आपूर्तिको लागि तथ्यांकमा आधारित भई सबै खानेपानी आयोजनाहरुको व्यवस्थापन गर्न खानेपानी बोर्डको गठन गरी **"एक घर एक धारा"** को नीति कार्यान्वयनमा ल्याईनेछ ।

६९. जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ ।

## ङ. लैङ्गिक समानता र समावेशीकरण नीतिः

७०. लैंगिक विभेद अन्त्य गर्दै लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

७१. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिबासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ ।

७२. भिन्न क्षमता भएका व्यक्तिहरु, महिला, दलित, विपन्न, बहिष्करणमा परेका समुदायहरुको संरक्षण, सम्वर्द्धन र उत्थान गर्नको लागि गैर सरकारी संस्था, टोल विकास समिति मार्फत सचेतामूलक कार्यक्रम संचालन गरिनेछ ।

७३. महिला हिंसाको कारण पहिचान, महिलाको सवालमा कार्यरत संघ संस्थाहरुको पहिचान तथा सञ्जाल निर्माण, संस्थागत विकास र सुदृढीकरण, क्षमता अभिवृद्धिमा गैर सरकारी संस्था, निजी क्षेत्र र टोल विकास समिति सँग समन्वय र सहकार्य गरिनेछ ।

७४. बालबालिकाको रुची, चाहाना, इच्छा, कला, क्षमता र उमेर अनुसारको अतिरिक्त क्रियाकलाप तथा जीवन उपयोगी सीपसँग सम्बन्धीत कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

७५. अपाङ्गता भएका व्यक्तिहरुको लागि सीप तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरी आय आर्जन मार्फत आत्मनिर्भर बनाउने नीति लिइनेछ ।

७६. आय आर्जनका गतिविधि बढाउन महिला तथा आमा समूहहरुलाई प्रोत्साहन गरिनेछ ।

७७. "हिसां मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिसां विरुद्ध शुन्य सहनशिलताको नीति लिइनेछ । पारिवारिक हिसांद्धारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।

७८. बालश्रम, बालविवाह, बहुविवाह जस्ता प्रथा अन्त्य गर्न कुल बजेटको ०.५ प्रतिशत भन्दा बढी बजेट विनियोजन गर्न प्राथमिकता दिइनेछ ।

७९. सामाजिक सुरक्षालाई थप प्रभावकारी बनाउन **"घर दैलो सेवा"** को नीति लिइनेछ ।

८०. अल्पसंख्यक जातिको रुपमा रहेका थामी, पहरी, जिरेल, भुजेल र दलित समुदायको भेषभुषा, भाषा संस्कृतिको संरक्षण गर्न विशेष पहल गरिनेछ ।

८१. बालमैत्री स्थानीय तह निर्माण गर्नका लागि आवश्यक पहल गरिनेछ । बालक्लब वा बाल सञ्जाल गठन, पुर्नःगठन एवं क्षमता अभिवृद्धिमा जोड दिइनेछ ।

८२. लैंगिक समानताको लागि लैंगिक उत्तरदायी बजेटमा जोड दिइनेछ । आर्थिक एवं सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, सीमान्तकृत समुदायका व्यक्तिहरुको आर्थिक सामाजिक उत्थान गर्न कुल बजेटको १० प्रतिशत भन्दा बढी बजेट विनियोजन गर्ने नीति लिइनेछ ।

### च. युवा तथा खेलकुद नीतिः

८३. **"एक वडा एक खेल मैदान"** को नीति अबलम्बन गर्दै खेलकुदको विकास र विस्तारका लागि गाउँपालिका र प्रदेश सरकारको सहकार्य र साझेदारीमा गाउँपालकास्तरीय रंगशाला, कभर्डहल तथा खुला व्यायमशाला लगायतका खेल पूर्वाधारको निर्माण, मर्मत संभार र संरक्षणमा जोड दिइनेछ ।

८४. गाउँपालिका भित्र खेलाडी उत्पादनको लागि युवाक्लबहरुलाई प्रोत्साहन गरिनेछ ।

८५. सीप र दक्षताको आधारमा युवा जनशक्तिको अभिलेखिकरण गरी तालिम प्रदान गर्ने, तालिम प्राप्त जनशक्तिलाई स्वोरोजगार र रोजगारीमा आवद्ध गर्ने नीति लिइनेछ । युवा जनशक्तिलाई पालिकाको विकास अभियानमा स्वयंसेवकको रुपमा परिचालन गरिनेछ ।

## पूर्वाधार विकास सम्बन्धी नीतिः

८६. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामूलक विकासको आधारमा रहने, पिछडिएका र कम विकसित क्षेत्रहरुलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी **"आयोजना बैंक"** तयार गरिनेछ ।

८७. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केही ठुला आयोजनाहरु पहिचान गरी पालिकास्तरीय गौरवका आयोजनाको रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनाहरुमा स्रोतको अभाव हुन दिइने छैन ।

८८. गाउँपालिका क्षेत्र भित्र तथा बाहिर यातायातको सुविधा पुर्याउन यातायात गुरुयोजना तयार गरी सडकको एकीकृत लगत तयार गरिनेछ ।

८९. बाह्रविसे, सुनकोशी, धुस्कुन, पिस्कर सडक खण्डको कालोपत्रे गर्ने कार्यमा तीव्रता दिइनेछ । पालिका भित्रका सबै वडामा बाह्रै महिना निर्वाध रुपमा सडक संचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।

९०. **"अबको निकासः पूर्वाधार विकास"** भन्ने नारालाई सार्थक बनाउन सडक रणनीतिक योजना तयार गरी पालिका भित्रमा सडकहरुको सुदृढीकरण एवं स्तरोन्नति गर्दै कालोपत्रे गर्न जोड दिइनेछ ।

९१. कालिञ्चोक गाउँपालिका र भीमेश्वर नगरपालिकासँगको सीमा क्षेत्र यकिन गरी गाउँपालिकाको सीमानामा कलात्मक एवं मौलिकता झल्किने संरचना निर्माण गर्न जोड दिइनेछ ।

९२. विकास प्रक्रियालाई दिगो, भरपर्दो एवं विश्वसनीय बनाउन टुक्रे आयोजनाहरुलाई निरुत्साहित गर्दै लगिनेछ । रु ५ लाख माथिका योजना संचालन गर्न जोड दिइनेछ । रु १० लाख माथिका योजनाहरु ठेक्का प्रक्रियाबाट संचालन गर्न प्राथमिकता दिइनेछ ।

९३. योजनाको फर-फारक गर्ने चाप आर्थिक वर्षको अन्तिम चौमासिकमा बढी पर्दै गएको कारण त्यसमा न्यूनिकरण गर्न बजेट कार्यान्वयन कार्यतालिका बनाई लागू गरिनेछ ।

९४. उपभोक्ता समितिबाट भन्दा टोल विकास समितिबाट योजना कार्यान्वयन गर्दा बढी प्रभावकारी भएको पाइएको हुँदा टोल विकास समितिका पदाधिकारीको क्षमता अभिवृद्धि गरी टोल विकास समितिबाटै योजना कार्यान्वयन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

९५. गाउँसभाबाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरु पछि गएर शिर्षकान्तर तथा रकमान्तर गर्दा प्रचलित ऐन, नियम विपरित हुने गरी शिर्षकान्तर वा रकमान्तर नगरिने व्यवस्था कडाइका साथ लागू गरिनेछ ।

९६. विकास प्रक्रियालाई दिगो, भरपर्दो र वस्तुपरक बनाउन संचालित योजना तथा कार्यक्रमको अनुगमन एवं मुल्यांकन पद्धतिलाई नतिजामूलक बनाइनेछ ।

९७. गाउँपालिकाको सूचना तथा अभिलेख व्यवस्थापनका लागि पालिकाकले आफ्नै सूचना तथा अभिलेख केन्द्र स्थापना गरी दस्तावेजहरु व्यवस्थित सूरक्षित राख्ने र एकीकृत तथ्याङ्क संकलनमा एकरुपता ल्याउने नीति लिइनेछ ।

९८. प्रत्येक वडामा इन्टरनेट सेवाको पहुँच सुनिश्चित गर्न इन्टरनेट सेवाको विकास र विस्तारमा जोड दिदै धार्मिक तथा पर्यटकीय क्षेत्रहरुमा फ्रि वाईफाईको व्यवस्था गरिनेछ ।

९९. डिजिटल पालिका निर्माणका लागि आवश्यक व्यवस्था मिलाइनेछ । जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सूचना प्रविधिमैत्री बनाउन तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिनेछ ।

१००. शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ को परिपालनामा जोड दिइनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीतिः

१०१. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मुल्यांकन (EIA) अध्ययन गरिनेछ ।

१०२. **"वृक्षारोपण गरौः वन जोगाऔ"** भन्ने अभियान संचालन गर्दै बाढी पहिरो तथा भुक्षय सम्भावित क्षेत्रहरुको पहिचान गरी वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।

१०३. सामुदायिक वनमा हुने चोरी निकासी र अनावश्यक रुख कटानलाई नियन्त्रण गर्न गाउँपालिकाले नियमनकारी भूमिका खेल्नेछ बहुमुल्य जडिबुटीको पहिचान तथा संकलन गरी बजारीकरणमा जोड दिइनेछ ।

१०४. सामुदायिक वन भित्र रहेका सल्ला लगायतका रुखहरुले उक्त क्षेत्रमा अन्य रुख विरुवा नउम्रिने र त्यसका कारण जमिनको उर्वरशक्ति समेत ह्रास भएकोले त्यस्ता जंगल क्षेत्र पहिचान गरी रुख कटान र वृक्षारोपण गरिने नीति लिइनेछ ।

१०५. जलवायू परिवर्तनको प्रतिकूल प्रभावहरुलाई अनुकूलन गर्न गाउँपालिकाको क्षमता बढाउने, खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायू उत्थानशीलता वृद्धि गर्ने, न्यून हरित ग्यासँ उत्सर्जनलाई विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृद्धि गरिनेछ ।

१०६. पोखरी संरक्षण, पहिरो नियन्त्रण, विकासका पूर्वाधारहरुको संरक्षण र नदी नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ ।

१०७. ढुङ्गा गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक स्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ ।

१०८. विपद जोखिम न्यूनिकरण र व्यवस्थापन तथा जलवायू परिवर्तन उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनिकरण, प्रतिकार्य र पुनस्थार्पनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

१०९. सामुदायिक वनमा रहेको कोषको परिचालनलाई प्रभावकारी बनाउन अनुगमन प्रणालीको विकास गरिनेछ । सामुदायिक वनबाट संकलन भएको राजश्वको कम्तीमा १० प्रतिशत रकम पालिकामा अनिवार्य रुपमा बुझाउनु पर्ने नीति लिइनेछ ।

११०. विपद व्यवस्थापन कोषको संचालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ । विपद व्यवस्थापन कोषमा कुल पूँजीगत खर्चको ०.५ प्रतिशत भन्दा बढी बजेट विनियोजन गर्ने नीति लिइनेछ ।

१११. बाढी पहिरो आगलागी जस्ता प्राकृतिक प्रकोपबाट प्रभावितलाई तत्काल राहत, औषधोपचार, खानपान तथा लत्ता कपडा उपलब्ध गराउनको लागि आवश्यक व्यवस्था गरिनेछ ।

११२. जिल्ला एवं मुलुक भित्र भएका विपदमा सहानुभूती पूर्वक खोज, उद्धार र राहतमा सहभागी हुन जोड दिइनेछ ।

## सुशासन तथा संस्थागत विकास सम्बन्धी नीतिः

११३. गाउँपालिकाका भित्र रहेका स्रोत साधन र सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतिय स्थानीय पार्श्व चित्र (Digital Local Government Profile) तयार गरिनेछ ।

११४. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाइन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो व्यवस्थापन प्रणाली (Citizen Grievances Response App) तयार गरी लागू गरिनेछ ।

११५. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की र बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवं फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

११६. प्रत्येक महिनाको आय र व्ययको मास्केवारी गाउँपालिकाको सूचनापाटी तथा वेवसाइटमा प्रकाशन गरिनेछ ।

११७. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणामुखी बनाईनेछ ।

११८. गाउँपालिकाको कार्यालयबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माण सम्बन्धी कार्यमा हुन सक्ने भ्रष्टचार, अपारदर्शीता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालय र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिनेछ ।

११९. गाउँपालिकाबाट प्रवाह हुने सेवाहरुमा सफ्टवेयर प्रणाली निर्माण गरी कागज विहिन प्रणाली बनाउन विद्युतिय प्रणालीलाई जोड दिइनेछ ।

१२०. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पूर्ण नागरिक समक्ष पुर्याउन **"त्रिपुरासुन्दरी गाउँपालिका नामक मोबाइल एप्स"** निर्माण गरी लागु गरिनेछ ।

१२१. आधारभूत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उमभोक्ताहरुलाई समेत संलग्न गरिनेछ ।

१२२. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ ।

१२३. राष्ट्र सेवक कर्मचारीहरुलाई कार्यसम्पादनका स्पष्ट मापनयोग्ग सूचक सहितको **"कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली"** निर्माण गरी कार्य गर्न प्रोत्साहित गर्ने र गाउँपालिकामा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने प्रणालीलाई निरन्तरता दिइनेछ ।

१२४. गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बीच कार्यसम्पादन सम्झौता गरिनेछ । कार्यालय अन्तर्गत रहने शाखा, उपशाखा एवं कर्मचारीको कार्यविवरण स्वीकृत गरी कार्यान्वयनमा लगिनेछ ।

१२५. आन्तरिक आयलाई व्यवस्थापन गरी राजश्व परिचालनलाई थप प्रभावकारी बनाउन जोड दिइनेछ । गाउँपालिकाको आन्तरिक राजश्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ ।

१२६. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ । प्रगतिशिल कर प्रणाली अबलम्बन गरी नागरिकहरु बीच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ । वनजन्य पदार्थहरुको निकासी र पैठारीमा गाउँपालिकाले कर निर्धारण गरी राजश्व संकलन गर्न सक्नेछ ।

१२७. ढुंगा गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय बन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिका बाटै उत्खनन गरी विक्री गर्ने विधि अबलम्बन गरिनेछ ।

१२८. कर प्रशासनलाई सूचना प्रविधि मैत्री एवं करदाता मैत्री तुल्याउँदै लगिनेछ ।

१२९. जाप्रतिनिध र कर्मचारीको क्षमता विकास गरी संस्थागत सबलीकरणमा योगदान पुर्याउन क्षमता विकास योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ । क्षमता विकासमा कुल चालु खर्चकी १.५ प्रतिशत भन्दा बढी रकम विनियोजन गरिने नीति लिइनेछ । क्षमता विकास कार्यक्रममा ६० प्रतिशत भन्दा बढी पदाधिकारी र कर्मचारीलाई सहभागिताको सुनिश्चितता गरिनेछ ।

१३०. बेरुजु रकमलाई शुन्यमा झार्न **"बेरुजु हटाउः बेरुजु घटाउ"** भन्ने नारालाई अभियानको रुपमा संचालन गरिनेछ ।

१३१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ ।

१३२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरु एवं मेलमिलाप कर्ताहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

१३३. न्यायिक समितिलाई सक्षम र सबल बनाई न्यायिक निरुपणलाई पारदर्शी बनाइनेछ ।

१३४. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ ।

१३५. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

**आदरणीय महानुभावहरु, गाउँसभाका सदस्य साथीहरु**

राजनीतिक सामाजिक तथा आर्थिक उपलब्धीलाई संरक्षण गर्दै त्रिपुराको हित, गौरब, सम्मान र स्वाभिमान वृद्धि गर्न एवं त्रिपुरालाई समृद्ध बनाउने मार्गदर्शकको दस्तावेजका रुपमा आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । त्रिपुरालाई समृद्ध बनाउन सबै पालिकाबासीको आ-आफ्नो ठाउँमा उत्तिकै महत्वपूर्ण भूमिका रहेको छ । पालिका भित्र उत्पादन र उत्पादकत्व वृद्धि गर्न, गुणस्तरीय शिक्षा प्रदान गर्न, स्वास्थ्यमा जनताको पहुँच सुनिश्चित गर्न, शासन सञ्चालन, विकास निर्माण र सेवाप्रवाहलाई दिगो, भरपर्दो, विश्वसनिय, सक्षम र प्रभावकारी बनाउन, रोजगारीको अवसरहरु सृजना गर्न तथा समाजमा विद्यमान गरिबी र असमानतालाई न्यूनिकरण गर्दै सामाजिक न्याय सहितको आर्थिक समृद्धि हासिल गर्न यो नीति तथा कार्यक्रम सहयोगी हुने विश्वास लिएको छु ।

यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको निम्ति सरकारी, गैर सरकारी, निजी क्षेत्र, सहकारी क्षेत्र, सबै राजनीतिक दल, नागरिक समाज, समाजसेवी, बुद्धिजीवि तथा सबै सरोकारवालाहरुको सक्रिय सहभागिता र सहयोगको अपेक्षा गरेको छु ।

अन्त्यमा यो नीति तथा कार्यक्रम तर्जुमा गर्न प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग र समन्वय गर्नु हुने जनप्रतिनिधि, राष्ट्र सेवक कर्मचारी लगायत सबै सरोकारवालाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अध्यक्ष

भक्तध्वज बोहरा